ISSN: 3021-9612 (PRINT)
YEAR VI | VOLUME 2

# INDUSTRY STATUS REPORT

**BASED ON THE ONLY COMPREHENSIVE QUARTERLY INDUSTRIAL SURVEY OF NEPAL**

**CNI POLICY SUGGESTIONS FOR FY 2083/84**


**Q2**
**FY 2082/83**

APRIL 2026

CONFEDERATION OF NEPALESE INDUSTRIES

स्वदेशी
हाम्रो सामान, हाम्रै स्वाभिमान


# INDUSTRY STATUS REPORT (PREVIOUS EDITIONS)










Scan the QR code to access digital ISRs

# TABLE OF CONTENTS


**KEY STATISTICS** 2

**METHODOLOGY** 4

**BUSINESS PERFORMANCE** 5

- Industry Capacity Utilisation: Key Industry Insight I 5
- Revenue Trends: Key Industry Insight II 5
- Growth in Market Demand and Market Competition: Key Industry Insight III & IV 6
- Share of Raw Materials Imported: Key Industry Insight V 6
- Export: Key Industry Insight VI 6

**FINANCE** 7

- Share of Loan on Working Capital: Key Industry Insight VII 7
- Interest Rates: Key Industry Insight VIII 7

**SKILLS AND EMPLOYMENT** 8

- Total Employment: Key Industry Insight IX 8
- New Hiring
- Skill Gap and Training: Key Industry Insight X 8

**INDUSTRIAL ECOSYSTEM** 9

- Experience with Government Online Service: Key Industry Insight XI 9
- Constraint to Current Operations of Business: Key Industry Insight XII 9
- Utilities: Key Industry Insight XIII 10
- Major Challenges 10

**BUSINESS OUTLOOK** 11

- Business Confidence: Key Industry Insight XIV 11
- New Investment Plans: Key Industry Insight XV 11

**CNI Policy Suggestions for FY 2083/84** 13

# ACKNOWLEDGMENTS

CNI Research Cell (CRC) expresses its gratitude to CNI President Mr. Birendra Raj Pandey for his support for the execution of the survey. We extend sincere thanks to the respondents of the survey for their time and inputs.

The team would also like to extend sincere gratitude towards Dr. Ghanashyam Ojha for his valuable insights. We would also like to extent our sincere thanks to Mr. Rajeev Majgaiyan and Mr. Himal Poudel for their valuable insights. Also, many thanks to Mr. Kiran Shrestha for designing the ISRs impeccably.

# About Industry Status Report

The Industry Status Report (ISR) provides a comprehensive analysis on the state of various industries in Nepal, leveraging an in-house survey. In Nepal, what explains misdirected policy interventions aimed at private sector growth? The absence of periodically available primary data on Nepali industries is one of the key reasons. Against this backdrop, ISR is produced as an effort to promote evidence-based policy-making. Each quarter, CNI Research Cell conducts an industrial survey and publishes this report to tease out changes across critical variables that either promote or stifle growth in industries.

## What does the survey cover?

| 1 | 2 | 3 | 4 | 5 | 6 |
|---|---|---|---|---|---|
| **Business Performance:** industry capacity utilization, revenue trends, demand in domestic market and market competition, trade | **Finance:** interest rates, the share of the loan, access to finance | **Skills and Employment:** employment, share of employees that received training | **Industrial Ecosystem:** regulation and industry administration, transportation and infrastructure | **Business Outlook:** confidence in the industrial sector, new investment plans. | **CNI Policy Suggestions for FY 2083/84** |

## Industry Status Report (FY 2082/83, Q2 Edition)

The Industry Status Report (FY 2082/83, Q2 Edition) has the benefit of comparing survey data from four consecutive quarters. The current report covers the second quarter of the fiscal year 2082/83. ( i.e Kartik 2082 to Poush 2082). The data was gathered from the survey conducted from January 23 to April 1 2026.

Apart from presenting the findings of the survey, each ISR covers one theme in depth. The second edition of Fiscal Year 2081/82 covers Budget Suggestion for Fiscal Year 2082/83. The third edition of Fiscal Year 2081/82 covers Alternative Financing in Nepal. The fourth edition of Fiscal Year 2081/82 covers the Footwear Industry in Nepal. The first edition of Fiscal Year 2082/83 covers Sustainable Transportation in Nepal. And this second edition of Fiscal Year 2082/83 covers CNI Policy Suggestions for FY 2083/84.

# ISR - KEY STATISTICS (FY 2082/83, Q2 EDITION)

No of industries:

**61** ↓ (*Q1* 64)

Total employees:

**24193** ↑ (*Q1* 18815)

Average employment per company:

**396.61** ↑ (*Q1* 293.98)

Average operational capacity utilisation:

**63.66%** ↑ (*Q1* 63.63%)

Average share of loan on working capital:

**47.17%** ↑ (*Q1* 44.19%)

Average interest rate on loans:

**7.95%** ↑ (*Q1* 7.74%)


Average revenue growth rate:

**11.06%** ↑ (*Q1* 8.61%)

Average share of imported raw materials by the manufacturing industry:

**29.01%** ↓ (*Q1* 39.48%)

# COMPOSITION OF THE INDUSTRIES SURVEYED



# METHODOLOGY

The Industrial Status Report (FY2082/83, Q2 Edition) is based on a quarterly survey of 61 industries.
The respondents are categorised under the Nepal Standard Industrial Classification (NSIC) Code for the purpose of the survey and further aggregated into two distinct industrial sectors: the manufacturing industry, and the service sector. Since most of the agro-based industries in the survey sample were involved in the agro-processing business, they have been subsumed under the manufacturing category.

The sample was drawn from CNI member's network located across Nepal.

Questions are tailored to specific industries. Respondents were asked questions, depending on their respective industries, using a survey platform called KoBoToolbox. The survey questions are available online.

The basic assumption in this report rests on the fact that the respondents have provided correct information.

## THE UNIT OF ANALYSIS

The unit of analysis is one industrial establishment.

# BUSINESS PERFORMANCE

**Periodic performance measurement is a vital part of monitoring the growth and progress of any business. This section summarises the performance of industries within key variables in Q2 2082/83 and compares it with the survey responses from previous quarters.**


## INDUSTRY CAPACITY UTILIZATION: 63.66%

### KEY INDUSTRY INSIGHT I

On average, the industries were operating at **63.66%** in Q2 82/83 whereas they were operating at 63.63% in Q1 82/83. During Q2 82/83, the service industry was operating at **67.60%** which was 70.4% in Q1 82/83.

The capacity utilisation of the manufacturing industry in Q2 2082/83 remained at **59%** while it was 58.03% in Q1 82/83.

**INDUSTRY CAPACITY UTILIZATION** (Percentage)





## REVENUE TRENDS: REVENUE GROWTH: 11.06%

### KEY INDUSTRY INSIGHT II

In Q2 82/83, the across-industry-average revenue growth rate was **11.06%**, whereas it was **8.61%** in Q1 82/83. The revenue growth in the manufacturing sector in Q2 82/83 experienced a rise by **8.14%** It was **10.27%** in Q1 82/83.

**REVENUE TRENDS: REVENUE GROWTH** (Percentage)



## GROWTH IN MARKET DEMAND: 15.16% AND *MARKET COMPETITION 80%

**(*PERCEPTION-BASED QUESTION)**

### KEY INDUSTRY INSIGHT III & IV

The survey result shows that the average growth of demand for goods and services was **15.16%**. The highest recorded growth rate was an impressive **96%**, while the largest decline observed was a significant **85%**. The demand of manufacturing industries has increased by **8.14%**.


Furthermore, on average **80%** of the surveyed industries perceived their goods to be competitive in the market in relation to imported goods, which gives optimism to the domestic industries. The confidence among the domestic businesses regarding their competitiveness and sufficient market demand for domestic products is a critical factor for expanding a broader industrial base in Nepal.

## SHARE OF RAW MATERIALS IMPORTED: 29.01%

### KEY INDUSTRY INSIGHT V

The survey results show that manufacturing industries significantly rely on raw materials sourced from global markets. Out of the total raw material required, on average **29.01%** of raw materials was imported from the global market in Q2 82/83. There has been a decline in imports of raw materials as compared to Q1 82/83 which was **39.48%**.

**DOMESTIC MARKET DEMAND** (Percentage)





## EXPORT: 34.62%

### KEY INDUSTRY INSIGHT VI

In Q2 82/83 , **34.62%** of the respondent manufacturing industries successfully exported their goods. Compared to the previous quarter, which recorded an export rate of **45.45%**. The export in this quarter has decreased. The average proportion of exports out of their production has increased from **31.24%** in Q1 82/83 to **54.11%** in Q2 2082/83. These findings suggest that firms are engaging in exporting their products.

**RAW MATERIALS IMPORTED** (Percentage)



# FINANCE

**This section provides insights into the ability of industries to access credit and prevailing interest rates.**


## SHARE OF LOAN ON WORKING CAPITAL: 47.17%

### KEY INDUSTRY INSIGHT VII

The result of the survey shows that in Q2 82/83, **47.17%** of working capital was met through credit from banks and financial institutions whereas it was **44.19%** in Q1 82/83.

The average rate of interest in working capital loan stands at **7.76%** in Q2 82/83 which is an increase from **7.68%** in Q1 82/83.

**SHARE OF LOAN ON WORKING CAPITAL** (Percentage)




## INTEREST RATES: AVERAGE INTEREST RATE 7.95%

### KEY INDUSTRY INSIGHT VIII

In Q2 2082/83, the average interest rate on loans was **7.95%** whereas it was **7.74%** in Q1 2082/83.

In Q2 2082/83, average interest rates on loans for manufacturing industries was **7.66%** while for service sector it was **8.20%**.

**AVERAGE INTEREST RATE**

| | Q2 81/82 | Q3 81/82 | Q4 81/82 | Q1 82/83 | Q2 82/83 | WCL Interest |
|---|---|---|---|---|---|---|
| Industry Average | 9.18 | 9.11 | 8.55 | 7.74 | 7.95 | 7.76 |
| Service | 9.58 | 9.05 | 8.96 | 8.03 | 8.20 | 7.15 |
| Manufacturing | 8.75 | 9.18 | 8.17 | 7.47 | 7.66 | 6.56 |

# SKILLS AND EMPLOYMENT

**This section highlights the trends in employment and skills of the employees in the industries.**

## TOTAL EMPLOYMENT: 24193


### KEY INDUSTRY INSIGHT IX

The surveyed industries employed **24193** staff in total. On average, an industry establishment employed **396.61** individuals, with the range being **3-10000**. This indicates, on average, CNI member networks comprise large business enterprises.

With**14106** employees, the service sector is the largest employing sector, followed by the manufacturing industry with **10087** employees.

**Average employment among sectors:** The service sector was at the top with **427.45** jobs while the manufacturing industry was right behind with **360.25** jobs.

### TOTAL EMPLOYMENT




## New Hiring: 898

The surveyed industries collectively hired a total of **898** new staff members, while the number of applicants were 3449. This indicates that, on average, more than 3.84 individuals applied for one announced position.



## SKILL GAP AND TRAINING: 39.28 RECEIVED TRAINING

### KEY INDUSTRY INSIGHT X

The survey result shows that across sectors **39.28%** of the total employees received training during Q2 of FY 82/83. The service sector trained around **28.62%** of the total workforce, while the manufacturing industry provided training to **37.67%** of its employees.

### SKILL GAP AND TRAINING (Percentage)



# INDUSTRIAL ECOSYSTEM

**This section focuses on the various aspects of the regulatory environment, transportation and infrastructure that have a direct bearing on the competitiveness of industries.**

## EXPERIENCE WITH GOVERNMENT ONLINE SERVICE

### KEY INDUSTRY INSIGHT XI

Although the government has been prioritising digitization of the economy, the survey results reveal that respondents on average were not delighted with the quality of online services provided by various public entities. When asked to rank the quality of services on a scale of 1 to 10 (with 1 being the lowest and 10 being the highest) 16 respondents ranked the service. The average score of respondents was **4.75**. The manufacturing-industry responded with a score of **4.80,** while the service industry with an average score of **3.86**.

| Government online service | |
|---|---|
| Manufacturing | 4.80 |
| Service | 3.86 |
| Average Industry | 4.75 |

GOVERNMENT ONLINE SERVICE




## CONSTRAINT TO CURRENT OPERATIONS OF BUSINESS

### KEY INDUSTRY INSIGHT XII

The surveyed respondents identified that the top three constraints for the business operations in the Q2 of FY 82/83 were political instability, corruption and prevailing tax rates.

For the manufacturing and service sector the top issue was political instability.

| Major Constraints |
|---|
| Political Instability |
| Corruption |
| Prevailing Tax Rates |

# UTILITIES

## ELECTRICITY: 7.21 OUT OF 10 FOR QUALITY OF ELECTRICITY SUPPLIED

### KEY INDUSTRY INSIGHT XIII

The survey result showed **53.57%** of the industries still use generators as the quality of electricity is not reliable. The respondents also mentioned, since the electricity supply provided by NEA is from a common feeder for an area, this reduces the reliability so a separate feeder is essential for commercial purposes. Those manufacturing industries using generators as alternative sources of energy stated there is an additional **6.92%** of cost increase due to the use of generators.


In response to the question that was asked to the respondents to rate the quality of electricity provided in the scale of 1 to 10, with one being the worst and 10 being the best, the average response was **7.21**.

## Major Challenges

Out of the 61 respondents, 38 responded to the question, and they had the option to select up to 3 choices from a total of 11 options regarding major challenges of business. Among the responses, excess competition affecting price margins, unauthorized goods in the market and consumer bias for foreign goods/services were the most common responses that respondents wanted to solve.

| Major Challenges |
| --- |
| Excess Competition Affecting Price Margins |
| Unauthorized goods in the market |
| Consumer Bias for Foreign Goods/ Services |
| Under invoiced by competitors |

## ELECTRICITY QUALITY




## Transportation and Logistic Hurdles

The respondents identified major challenges of transportation and logistics as quality of roads, administrative hassles on road and frequent road blockage.

| Transportation and Logistic Hurdles |
| --- |
| Quality of Roads |
| Administrative Hassle on Road |
| Frequent Road Blockage |

## Share of Logistic Cost

Among the **61** respondents, **50.81%** responded, indicating that the average share of logistics costs in total production costs is **10.34%**.

# BUSINESS OUTLOOK


**This section presents the confidence level of surveyed industries for their own business and aggregates responses regarding investment plans for the next quarter.**

## BUSINESS CONFIDENCE: MODERATE

### KEY INDUSTRY INSIGHT XIV

On the whole, industrialists are not optimistic that their business is going to perform well for the next 3 months. When asked to rank the favorability (confidence measures) for their business on a scale of 1 to 10 (with 1 being the least favourable and 10 being the most favourable) in terms of revenue and investment opportunities, regulatory environment, access to finance, labour and better utility facilities, the across-industry-average score is **5.41**. The manufacturing industry is comparatively less confident as per the survey respondents. This can be a result of the unfavourable macroeconomic situation. Key Indicator XIV does not paint a conducive environment for businesses currently.

### FAVORABLE TO BUSINESS





## 63.93% HAVE NEW INVESTMENT PLANS

### KEY INDUSTRY INSIGHT XV

The survey result shows that **63.93%** of respondents have new investment plans for the upcoming quarter. Among respondents from the manufacturing industry, **64.29%** have a new investment plan. Similarly, among respondents from the service sector **63.64%** have planned for new investment. However, **36.07%** of respondents said they do not have any plans for new investment in the upcoming quarter.

### INVESTMENT PLAN



# नेपाल उद्योग परिसंघ

## आर्थिक वर्ष २०८३/८४
## बजेटमा समावेस गरिनुपर्ने सुझावहरू
## (समष्टिगत, नीति तथा कार्यक्रम)

# औद्योगिक विकासका लागि आगामी आर्थिक वर्षको बजेटले सम्बोधन गर्नुपर्ने प्रमुख प्राथमिकताका विषयहरूः

### १. उद्योगलाई पहिलो प्राथमिकता तथा नीतिगत स्थायीत्वको सुनिश्चितताः

हालसम्म मुलुकले विविध विषयहरूलाई प्राथमिकतामा राख्दै आएको छ । उद्योग व्यवसाय र आर्थिक गतिविधिहरूले न्युन प्राथमिकता पाएका छन् । यसले स्वदेशमा उत्पादन, रोजगारी सिर्जना, आयात प्रतिस्थापन, अर्थव्यवस्थाको सुधार जस्ता प्रमुख विषयहरू ओझेलमा पर्दै गएका छन् । अब उद्योग तथा स्वदेशी उत्पादनलाई प्रमुख प्राथमिकतामा राखेर नीतिहरू निर्माण हुन आवश्यक छ । मुलुकमा रोजगारी सिर्जना गरी दिनहुँ विदेशीने नेपाली युवाहरूलाई मुलुकमै रोक्न आवश्यक छ। मुलुकको जनसाङ्खिक लाभको फाईदा मुलुकले नै लिनु पर्दछ । नेपालको विकास नेपालीहरूले नै गर्ने हो ।

नेपाल सरकारले उद्योग तथा उत्पादनलाई प्राथमिकतामा राख्दै यसको प्रवर्द्धनका लागि 'औद्योगिक विकास रणनीति' तर्जुमा गरि लागू गर्नु पर्दछ । यस्तो रणनीतिमा नेपाल आत्मनिर्भर हुन सक्ने वस्तु पहिचान गरि (Products of Comparative Advantage) यस्ता वस्तु उत्पादन गर्ने उद्योगहरूको विकास र स्थायित्वका लागि उद्योगगत/क्षेत्रगत नीति तयार गरी सो नीतिको स्थायित्वको सुनिश्चितता गरिनु आवश्यक छ । यस्ता उद्योगहरूले विभिन्न ऐनमार्फत प्राप्त गर्ने सबै सुविधाहरू एकै स्थानबाट प्राप्त हुने व्यवस्थाको समेत सुनिश्चितता हुन आवश्यक छ ।

मुलुकले उद्योग, स्वदेशमै उत्पादन, रोजगारी सिर्जना, आयात प्रतिस्थापन, अर्थव्यवस्थामा सुधार जस्ता प्रमुख आर्थिक विषयहरूमा कम्तिमा १० वर्षसम्म नीति परिवर्तन नहुने सुनिश्चत गरी लगानीकर्तालाई विश्वासमा लिनुपर्दछ ।

### २. कच्चा पदार्थ तथा तयारी वस्तुमा लाग्ने भन्सारमा कम्तिमा २ तहको फरक

- तयारी वस्तुमा लागेको भन्सारभन्दा सो वस्तु उत्पादन गर्न प्रयोग हुने कच्चा पदार्थमा लाग्ने भन्सारदर कम्तिमा एक तह कम हुने कानुनी व्यवस्था (औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २५ को उपदफा (घ)) पूर्णरुपमा पालना गरिनुपर्ने । परिसंघ तथा उद्योगहरूको माग अनुसार यस्तो फरक कम्तिमा २ तहको वा १० प्रतिशत हुने व्यवस्था कायम गरिनुपर्ने ।
- व्यापारिक प्रयोजनका वस्तु वा औद्योगिक कच्चा पदार्थको पहिचान हुन नसक्ने अवस्थामा उद्योगको स्वीकृत स्किममा कच्चा पदार्थ भनि उल्लेख भएका कच्चापदार्थको हकमा भुक्तान गरेको पूरा भन्सार शुल्कमा दुई तहको फरकले हुन आउने रकम फिर्ता हुने वा यस्तो रकम अन्य सरकारी भुक्तानीमा मिलान हुने प्रावधान कायम गरिनुपर्ने ।

### ३. सुशासन तथा डिजिटल सेवा प्रवाह प्रणालीः

- सम्पूर्ण सार्वजनिक सेवा प्रवाह तथा प्रक्रियाहरू अनलाइन प्रणालीबाट हुने गरी सार्वजनिक सेवालाई Faceless, Paperless, Contactless बनाइनुपर्ने।
- सरकारको कामकारबाही, बैठक, निर्णय इत्यादिको सूचनामा नागरिकको पहुँच र अभिलेखहरुमाथि पारदर्शिताका लागि 'सनसाइन ल' बनाएर कार्यान्वयनमा ल्याइनुपर्ने । यसले सरकारी कामकारबाहिमा पारदर्शिता ल्याइ सरकारलाई थप जिम्मेवार र जवाफदेही बनाउदै पारदर्शितामार्फत सुशासन सुदृढ गर्न सहयोग गर्ने ।
- कुनै पनि कार्य सम्पादन गर्न लाग्ने समय स्पष्ट रुपमा तोकिनुपर्ने, यस्तो कार्य तोकिएको समयभित्रमा सम्पन्न हुन नसक्ने अवस्थामा सेवाग्राहीलाई सोको लिखित जानकारी गराउनुपर्ने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आग्रह-पूर्वाग्रहरहित र निष्पक्षताकासाथ कार्य सम्पादन गर्न आयोगमा निजामती सेवातर्फका कर्मचारी नभई आयोगको आफ्नै सेवा समुह बनाई पदपूर्ति गर्ने व्यवस्था गरिनुपर्ने ।
- निजामती कर्मचारीहरूलाई निर्णय प्रकृयामा भयरहित भएर आफ्नो जिम्मेवारी वहन गर्ने वातावरण

सिर्जना गरिनुपर्ने ।

- निजामती ऐनमा विभागीय कारवाहिलाई सरलिकृत गरिनुपर्ने ।
- राष्ट्रिय सतर्कता केन्द्रको क्षेत्राधिकार विस्तार गरी थप बलियो, परिष्कृत तथा सक्रिय बनाउनुपर्ने ।

## ४. विद्युतीय एक-द्वार सेवा प्रणाली

उद्योगहरूलाई सरल तथा सहज सेवा तथा सुविधा उपलब्ध गराउन विद्युतीय माध्यममा आधारित एक-द्वार प्रणाली निर्माण गरी लागू गरिनु पर्दछ । यसरी निर्माण भएको प्रणाली 'एक-द्वार प्रणाली' आवश्यक पर्ने सम्पूर्ण सरकारी निकायहरूमा लागू गरिनु पर्ने । (प्रदेश र स्थानीय निकायमा समेत)

## ५. कर प्रणालीमा सुधार

- नेपालमा विद्यमान अनेक थरिका करहरू (रंगीचंगी) लाई एकिकृत गर्दै सीमित प्रकारका करहरू मात्र रहने व्यवस्था कायम गरिनुपर्ने ।
- मूल्य अभिवृद्धि करलाई बहुदरको बनाइ यस करमा आवद्ध हुनुपर्ने न्युनतम कारोवारको सीमालाई कम गरि सबैलाई यसै करमा आवद्ध गरिनुपर्ने । यसबाट नेपाली उत्पादनको मुल्य कम हुन गई भारतीय वस्तु तथा बजार मुल्यसंग प्रतिस्पर्धी हुने र अनाधिकृत आयात समेत नियन्त्रण गर्न सहयोग पुग्ने हाम्रो विश्वास रहेको छ।
- अन्तःशुल्क सैद्धान्तिकरुपमा लाग्ने वस्तुहरूमा (स्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर पार्ने वस्तु, पेट्रोलियम तथा हानिकारक रसायनहरूमा) मात्र लाग्नु पर्ने ।
- व्यक्तिगत आयकरलाग्ने न्युनतम सीमा अधिक गरी (एकल व्यक्तिका लागि कम्तिमा वार्षिक १० लाखसम्म) कर लगाउने । साथै आय करको अधिक्तम दर ३० प्रतिशत कायम हुनुपर्ने ।
- कर असुल गर्ने व्यवस्थालाई एकिकृत गर्दै एकै स्थानबाट सबै कर संकलन गर्ने र राज्यले विभिन्न तह वा निकायमा बाँडफाँड वा वितरण गर्ने प्रणालीको विकास गरिनुपर्ने । उत्पादनमुलक उद्योगहरूलाई प्रदेश वा स्थानीय निकायहरूले थप कर लगाउने वातावरणको अन्त्य गरिनुपर्दछ ।
- सडकमा गाडी वा मालबाहक साधनहरू रोकी, ढाँट राखी कर वा शुल्क उठाउने प्रवृत्तिको तत्काल अन्त्य गरिनुपर्दछ ।
- **कर भुक्तानी गर्ने प्रणालीमा सुधार:**
  - सबै करचुक्ता प्रमाणपत्रहरू विद्युतीय माध्यमबाट प्राप्त हुने व्यवस्था कायम गरिनुपर्ने । यस्तो व्यवस्था सरल तथा स्पष्ट हुनुपर्ने । यस सम्बन्धमा रहेका anomaly हरू हटाएनुपर्ने । हाल केही करदाताहरूको करचुक्ता प्रमाणपत्रहरू विद्युतीय माध्यममा जारी हुने भएतापनि जिल्लाहरूमा यस्तो प्रमाणपत्र प्राप्त गर्न हालसम्म पनि चुनौतिपूर्ण रहेको छ । यस्तो प्रकृया सरल तथा सहज बनाईनुपर्ने ।
  - तत्काल कर चुक्ता प्रमाणपत्र प्राप्त गर्न नसक्ने कतिपय अवस्थामा कर विवरण बुझाएको प्रमाणलाई अस्थायी कर चुक्ता सरह मान्य हुने गरी उद्योग व्यवसायहरूलाई निकास दिने व्यवस्था हुनुपर्ने ।
  - ठुला तथा मध्यमस्तरका सम्पूर्ण करदाताहरूको पूर्ण अडिट (full audit) गर्ने प्रचलन रहेकोमा जोखिममा आधारित फुल अडिट गर्ने व्यवस्था कायम गरिनुपर्ने ।
- करदाताहरूले न्याय खोज्ने प्रकृयालाई सरल तथा पहुँचयोग्य गरिनुपर्ने । प्रशासकीय पुनरावलोकन तथा राजस्व न्यायाधिकरणमा जाँदा करदाताले धरौटी राख्नु पर्ने बाध्यात्मक व्यवस्था अन्त्य गरिनुपर्ने । हाल कतिपय साना उद्योग व्यवसायहरू धरौटी राख्न नसकि न्यायबाट बन्चित रहनु परेको स्थिति छ ।
- लक्ष्य निर्धारण गरी (Target तोकि) कर उठाउने प्रचलनको अन्त्य गरिनुपर्ने । कर कार्यालयहरूको कार्य सम्पादन मुल्याङ्कन (performance) लक्ष्य पूरा गरेको आधारमा जाँच्न नहुने । यसलाई राजस्व संकलनका लागि वेन्चमार्क राखि सो अनुसार साजिकरण गरिनुपर्ने। कर कार्यालयहरूका अन्य लक्ष्यहरूलाई (Targets) समेत हटाईनुपर्ने ।
- नेपालको जटील कर प्रणालीलाई सरलिकरण गरिनुपर्ने । मुख्य गरेर Royalty, Transfer Pricing, आयकरको दफा ५७ आदिका विषयहरू ।
  - परिसंघलगायतका संस्थाहरूसंग यस्ता विषयहरू माग गर्ने र विभागबाट त्यस्ता समाधानका विषयहरूको व्याख्यात्मक टिप्पणी तयार गरी जारी भएका निर्देशिकाहरूमा अध्यावधिक गर्दै जाने ।
  - ऐनका अनुसूची वा नियमावली मन्त्रिपरिषद्-बाट संशोधन भई निर्णय हुन सक्ने वा विद्यमान प्रावधान स्पष्ट गरी लगानीकर्तालाई सुनिश्चित/ढुक्क हुन सक्ने वातावरण निर्माण गरिनुपर्ने वा यस्ता विषयहरूको निर्णयका लागि समय

लगाउन नहुने ।

- Advance Ruling को व्यवस्था
  - करदाताले माग गरेको advance ruling तोकिएको समय भित्र (४५ दिन) जारी गर्नेपर्ने गरी नियमावलीमा संशोधन गरिनुपर्ने ।
  - तोकिएको समयमा advance ruling जारी नभए वा निर्णय नभएमा करदाताले मागे सरहको व्यवस्था हुने स्पष्ट प्राबधान कायम गरिनुपर्ने ।
  - Advance Ruling तथा प्रशासकिय पुनरावलोकनमा महानिर्देशकले गरेको निर्णय 'न्यायिक निर्णय हुनेछ' भनि ऐनमै व्यवस्था गरिनुपर्ने ।

## ६. अनाधिकृत आयात तथा व्यापार व्यवस्थापन

चोरी पैठारीले स्वदेशी उद्योगहरूलाई निकै मर्का पारिरहेको र यसबाट सरकारले समेत राजस्व गुमाइरहेकाले सम्बद्ध सबै निकायहरू मिलेर नियन्त्रण गर्न आवश्यक रहेको छ। यसका लागि;

- भन्सार नाका भित्रबाट हुने अनियमिततालाई भन्सार विभागबाट नियन्त्रण गरिनुपर्ने साथै भन्सार नाका बाहिरबाट भईरहेको अनधिकृत आयात तथा भन्सार राजस्व विचलनलाई नियन्त्रण गर्न स्पष्ट कार्यादिश र जिम्मेवारी सहित अन्तरसरकारी समन्वयलाई प्रभावकारी बनाइनुपर्ने ।
- चोरी पैठारी नियन्त्रणका लागि नेपाल सरकारले जिम्मेवार बनाएका सुरक्षा निकाय, आन्तरिक राजस्व विभागलगायतका निकायहरूलाई जिम्मेवारी अनुसार जवाफदेहि बनाइनुपर्ने ।
- भन्सार विभाग, वाणिज्य विभागलगायतका विभिन्न निकायहरूले गर्ने बजार अनुगमनका क्रममा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६ मा रहेको भन्सार विन्दु अगावै लेबल लगाउनुपर्नेलगायतका व्यवस्थाको प्रभावकारी पालना गराइनुपर्ने ।

## ७. गुणस्तर प्रवर्द्धन तथा गुणस्तरीय वस्तु आयात

- नेपालमा करिब १२०० वटा नेपाल गुणस्तर मापदण्ड (NS) निर्धारण भएका छन् । जसमा करिब ७५ वस्तुहरूका विभिन्न मापदण्डहरू (Product) तथा प्रकृयाहरूका मापदण्डहरू (Process) छन् । सामान्यतया नेपालमा ५००० भन्दा बढी ६ अंकको HS Heading का वस्तुहरू आयात हुने तथ्याङ्क रहेको छ ।
- मुलुकमा कस्ता वस्तुहरू आयात भईरहेका छन् भन्ने यकिन छैन । यसले स्वदेशमा उत्पादन हुने वस्तुहरूको बजारलाई समेत नकारात्मक असर गरिरहेको छ । स्वदेशी उद्योगहरूले उद्योग दर्ता गर्ने निकायलगायतले तय गरेका विभिन्न मापदण्डहरू पालना गर्नुपर्ने तर आयात हुने वस्तुहरूले के कस्ता मापदण्डहरू पालना गर्नुपर्ने हो सो उल्लेख नहुँदा आफ्नै वा घरकै बजारमा स्वदेशी वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता कम भईरहेको छ । स्वदेशी उद्योगहरूको संरक्षण हुन तथा आम मानिसहरूसँग प्रत्यक्ष सरोकार राख्ने वस्तुहरू गुणस्तरीय हुन अत्यन्त आवश्यक छ । त्यसैले आगामी आर्थिक वर्षबाट नेपालमा गुणस्तरीय वस्तु (वस्तु उत्पादन हुने मुलुकले प्रमाणित गरेको वा नेपालले प्रमाणित गरेको वा अन्य कुनै पनि निकायले वस्तुको गुणस्तर प्रमाणित गरेकोलाई मान्यता दिने गरी) मात्र आयात गर्न पाउने व्यवस्था गरिनुपर्दछ ।
- आगामी आर्थिक वर्ष आयात हुने वस्तुहरूका कम्तिमा थप १०० वटा गुणस्तर मापदण्ड (NS) बनाई लागू गरिनुपर्दछ ।
- नेपाल आफ्नो 'गुणस्तर मापदण्ड निर्माण'मा कमजोर रहेको अवस्थामा भारतसंग संवाद गरी एकअर्काको गुणस्तर मापदण्ड, मापदण्ड निर्माण प्रकृया, गुणस्तर प्रमाणिकरण प्रकृया तथा प्रमाणपत्रलाई मान्यता दिने गरी सम्झौता गरिनुपर्ने ।

## ८. स्वदेशी वस्तु उपभोगको अभियान

नेपाल सरकारले जारी गरेको 'सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१' मा व्यवस्था गरिएको स्वदेशी वस्तु पहिचानका लागि वेब पोर्टल बनाउने, सोहि पोर्टलबाट वस्तु खरिद गर्न सकिनेलगायतका प्रावधानहरूलाई सम्बोधन गर्न सार्वजनिक खरिद सम्बन्धी ऐन तथा नियमावली संशोधन गरिनुपर्ने । सो कानुनमा स्वदेशी वस्तु उत्पादन गर्ने उद्योग र यस्ता वस्तुको उपभोगलाई प्राथमिकतामा राखिनुपर्ने ।

## ९. विद्यमान प्राकृतिक सम्पदाहरूको दीगो तथा उपयुक्त उपयोग

नेपाल प्राकृतिक सम्पदाले भरिपूर्ण मुलुक हो । यद्यपी भौगोलिक विकटता, प्राकृतिक सम्पदाको उत्खनन् गर्न लाग्ने अत्यधिक लगानीको अभाव तथा नेपाल सरकारले लिएका कठोर नीतिहरूका कारण स्रोतहरूको उपयुक्त उपयोग हुन सकिरहेको छैन । प्राकृतिक सम्पदाको दीगो उपयोग हुने गरी हाल कायम रहेका कठोर नीति नियमहरूको पुनरावलोकन गरिनु अत्यावश्यक छ । उद्योगहरूका लागि वन क्षेत्रको उपयोग, काष्ठ तथा गैर काष्ठ वस्तुहरूको उपयोग, जडिबुटी, ढुंङ्गा, गिट्टी,

पानी, खानी तथा खनिजजन्य सम्पदाहरूको दीगो उपभोग तथा निर्यात सहज हुने गरी प्रचलित कठोर कानुनहरूमा सरलिकरण गरिनुपर्दछ ।

## १०. उत्पादनमा आधारित अनुदान (Production Linked Incentive)

- नेपालका उत्पादनमुलक उद्योगहरूलाई उद्योग आफैले तोकेका सर्तहरू पूरागर्नेगरी उत्पादनमा आधारित अनुदानको व्यवस्था कायम गरिनुपर्दछ । यसबाट मुलुकमै रोजगारी सिर्जना हुने र आयात प्रतिस्थापनमा सहयोग भई आयातमा आधारित अर्थतन्त्रबाट उत्पादनमा आधारित अर्थतन्त्रतर्फ रुपान्तरण हुनसक्ने सम्भावना रहन्छ ।
- उद्योगले निश्चित आर्थिक वर्षमा आफूले तोके अनुसार लगानीमा वृद्धि, रोजगारी सिर्जना, उत्पादन तथा निर्यातमा वृद्धि, वस्तुमा मुल्य अभिवृद्धि, प्रविधिमा सुधार, Global Value chain मा आवद्धता, वस्तु तथा बजारको विविधता आदि जस्ता सर्तहरू पूरा गरेमा अनुदान प्राप्त गर्ने गरी उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनुपर्ने ।

## ११. कानुनमा संशोधनः

१. नेपाल उद्योग परिसंघले समृद्ध अर्थतन्त्रको आधारका लागि कानुनमा सुधार गरिनुपर्ने विषय उठान गर्दै आएको छ । नेपाल सरकारले विभिन्न समयमा कतिपय कानुनहरूमा सुधार गर्दै आए पनि अझै कतिपय विद्यमान कानुनहरूमा व्यापक सुधार गर्न बाँकी रहेको छ । परिसंघले सुझाए अनुसार त्यस्ता कानुनहरूमा सुधार हुनुपर्दछ । त्यस्तै कतिपय कानुनहरू खारेज गर्नुपर्ने छन् भने कतिपय नयाँ कानुन बनाउनुपर्ने आवश्यकता छ । नयाँ बनाउनुपर्ने प्रमुख कानुनहरूमा अग्रिम जमानत सम्बन्धी कानुनी व्यवस्था, भुक्तानी सुरक्षण सम्बन्धी कानुन, वौद्धिक सम्पत्ति सम्बन्धी एकिकृत कानुन आदि रहेका छन् ।

२. आय करको दफा ५७ तथा '९५क' को व्यवस्था
   १. अस्वैच्छिक हक हस्तान्तरणमा दफा ५७ लाग्न नहुने ।
   २. वास्तविक शेयर धनी (प्राकृतिक व्यक्ति) परिवर्तन नभई आन्तरिक रुपमा हुने संरचना परिवर्तन (Re-structuring) मा दफा ५७ लाग्न नहुने ।
   ३. दफा '९५क' लागेको अवस्थामा दफा ५७ नलाग्ने व्यवस्था कायम गरी दफा ५७ र '९५क' अनुसार लाग्दै आएको दोहोरो करको अन्त्य गरिनुपर्ने ।

३. नेपालका विद्यमान कानुनहरूमा व्यवसायीहरूलाई पहिले थुन्ने त्यस पश्चात सुन्ने अभ्यास हाबी रहेको छ । सामान्य आर्थिक कसुरमासमेत थुनामा राख्ने प्रावधानहरूले उद्योगी व्यवसायीहरूमा त्रासको वातावरण रहिरहने र खुलेर लगानी विस्तार गर्न अवरोध रहने अवस्था विद्यमान छ । परिसंघले व्यवसाय तथा वाणिज्यसँग सम्बन्धित कानुन अन्तरगत फौजदारी दायित्व सिर्जना हुनेगरी व्यवस्था भएका विभिन्न कानुनी प्रावधानहरूमा परिमार्जन गरी त्यस्ता प्रावधानहरूमा देवानी दायित्व सिर्जना हुने गरी परिमार्जन गरिनुपर्ने विषय उठान गरिरहेको छ । सोहि अनुसार त्यस्ता व्यवस्थाहरूलाई परिमार्जन गरी आर्थिक कसुरमा आर्थिक जरिवाना लगाउने व्यवस्था कायम गरिनुपर्दछ ।

४. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ (FITTA) र सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ (PPIA) मा भएको लगानीको स्वीकृति सम्बन्धी द्विविधा/विवाद हटाउनुपर्ने । (FITTA को दफा १७ तथा PPIA को दफा ३ मा भएको व्यवस्था)

# आगामी आर्थिक वर्षको बजेटमा समावेश हुनुपर्ने प्रमुख नीतिगत विषयहरूः

१) उत्पादनमुलक उद्योगहरूलाई आवश्यक जग्गामा हदबन्दी नलाग्ने नीति अवलम्बन गरिनुपर्ने । यसका लागि उद्योग दर्ता गर्दा दर्ता गर्ने निकाय समक्ष पेश गरी स्वीकृत भएको उद्योगको आफ्नो परियोजना वा स्कीममा उल्लेख गरेसम्मको जग्गामा हदबन्दी नलाग्ने उल्लेख गरी यस्तो जग्गामा हदबन्दिसँग सम्बन्धित कुनै पनि प्रावधान लागू नहुने स्पष्ट व्यवस्था गरिनुपर्ने । उत्पादनमुलक उद्योगहरूलाई आवश्यक जग्गामा हदबन्दी नलाग्ने नीति अवलम्बन गरिनुपर्ने । यसका लागि उद्योग दर्ता गर्दा दर्ता गर्ने निकाय समक्ष पेश गरी स्वीकृत भएको उद्योगको आफ्नो परियोजना वा स्कीममा उल्लेख गरेसम्मको जग्गामा हदबन्दी नलाग्ने उल्लेख गरी यस्तो जग्गामा हदबन्दीसँग सम्बन्धित कुनै पनि प्रावधान लागू नहुने व्यवस्था गरिनुपर्ने । उद्योगहरूले बजार मूल्यमा खरिद गरेको हदबन्दीभन्दा बढी भएको सम्पूर्ण जग्गा धितो प्रयोजनका लागि उपयोग गर्न पाउनुका साथै प्रयोजन सकिएको वा उद्योगलाई आवश्यक नरहेको यस्तो जग्गा बिक्री गर्न पाउने व्यवस्था कायम गरिनुपर्ने ।

२) निजी क्षेत्रलाई औद्योगिक क्षेत्र स्थापना तथा संचालन गर्न अनुमति दिने नीति अवलम्बन गर्नुपर्ने । औद्योगिक क्षेत्रका लागि आवश्यक पूर्वाधार (बाटो, बिजुली, पानी, ढल निकास आदि) को सुनिश्चितता सरकारले गर्नुपर्ने । सरकारका विभिन्न नीति तथा कार्यक्रम र बजेटमा समेत घोषणा भएका यस्ता कार्यक्रम अगाडी बढ्न सकेका छैनन् । नेपाल उद्योग परिसंघले प्रस्तावित शक्तिखोर वा मोतिपुर औद्योगिक क्षेत्र सार्वजनिक निजी साझेदारीमा संचालन गर्न नेपाल सरकार समक्ष आशय प्रस्तुत गरेको छ । निजी क्षेत्रले स्थापना गर्ने यस्ता औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योगहरूले प्राप्त गर्ने सहुलियत तथा सुविधाहरूको स्पष्ट प्रावधान सहित जग्गा प्राप्ती, वन तथा वातावरणको अनुमति लगायतका विषयहरु सम्बोधन गरी औद्योगिक क्षेत्र निर्माण तथा सञ्चालनका लागि निजी क्षेत्रलाई उपलब्ध गराईनुपर्ने ।

३) उद्योगहरूलाई विशिष्ठिकृत ऐनहरूले दिएको सुविधा उपलब्ध गराउने, उत्पादनमुलक उद्योगहरूलाई प्रदेश तथा स्थानीय निकायहरूले लगाउने करमा सुविधा दिने नीतिः

औद्योगिक व्यवसाय ऐनलगायतका विशिष्ठिकृत ऐनहरूले उद्योगहरूलाई उपलब्ध गराएका सुविधाहरू आर्थिक ऐनबाट सुनिश्चित गरिनुपर्ने । (सामाजिक उत्तरदायित्वमा गरेको खर्च, ड्युटी ड्र्याक सम्बन्धी व्यवस्था आदि) । त्यस्तै औद्योगिक व्यवसाय ऐन, २०७३ ले गरेको व्यवस्थाअनुसार औद्योगिक क्षेत्र भित्र संचालनमा रहेका उद्योगहरूलाई एकीकृत सम्पत्ति करलगायत स्थानीय निकायले लगाउने अन्य करहरू नलाग्ने व्यवस्था पुनः कायम गरी यस्तो कर सबै उत्पादनमुलक उद्योगलाई नलाग्ने स्पष्ट व्यवस्था पुनः कायम गरिनुपर्दछ ।

४) नेपाली लगानीकर्ताले विदेशमा लगानी गर्न पाउने नीतिः यसका लागि विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ खारेज गरी चालू आर्थिक वर्षको वजेट भाषण (बजेट भाषणको बुँदा नं. ८० को व्यवस्था) मा उल्लेख भए बमोजिम विदेशमा लगानी गर्न दिन आवश्यक स्वीकृतिको विधि, नियमन गर्ने विधि आदि स्पष्ट प्रावधान सहित आवश्यक व्यवस्था गरिनुपर्ने ।

५) ठुला पूर्वाधारका परियोजनाहरूमा निजी क्षेत्रलाई आकर्षित गर्ने नीतिः सार्वजनिक निजी साझेदारीका नविन तथा प्रचलनमा आईसकेका HAM, VGF, VCM, MRG जस्ता लगानीका मोडलहरूको प्रयोग गरी विमानस्थल, राजमार्ग, औद्योगिक क्षेत्र, फोहोर व्यवस्थापन, शहरी पूर्वाधार विकास जस्ता ठुला पूर्वाधार आयोजनाहरू निजी क्षेत्रबाट निर्माण गर्न प्रोत्साहन गरिनुपर्ने ।

६) उद्योग व्यवसायले सरकारको कुनै निकायमा भुक्तान गर्न बाँकी रहेको रकम र सरकारले सो उद्योगलाई भुक्तान वा फिर्ता गर्न बाँकी रहेको रकम हिसाब मिलान गर्न पाउने नीतिगत व्यवस्था गरिनुपर्ने ।

७) बदनियतपूर्वक वा गलतढंगले वा विद्यमान प्रावधानको अपव्याख्या गरी कर निर्धारण गर्न नहुने, यस्तो गरेको पाइएमा कर निर्धारण गर्ने अधिकारीलाई जवाफदेही बनाउँदै कारवाही हुने व्यवस्था कायम गरिनुपर्ने ।

८) नेपाललाई आरोग्य पर्यटन (Wellness Tourism) को केन्द्रको रुपमा विकास गर्ने नीति अवलम्बन गरिनुपर्ने ।

९) कुनै पनि कम्पनी स्थापना गरी संचालनमा ल्याउन नसकेको वा संचालनमा आई पुनः बन्द प्रायःको अवस्थामा पुगेको खण्डमा यस्ता कम्पनीहरूको आग्रहमा निश्चित अवधिसम्मका लागि स्थगन (Dormant) (कर लगायतका विषय आकर्षित नहुनेगरी) गर्न पाउने नीतिगत व्यवस्था गरिनुपर्ने ।

१०) Data mining गर्न दिने नीतिगत व्यवस्था कायम गरी ठुला Data Centers, GPU Storage हरू स्थापना गरिनुपर्ने ।

# नेपाललाई १०० अर्ब डलरको अर्थतन्त्र बनाउन गरिनुपर्ने प्रारम्भिक सुधारका विषयहरूः

## उद्योग तथा लगानी (Industry & Investment)

- उद्योग स्थापना र सञ्चालनसँग सम्बन्धित अनुमतिहरूलाई एकीकृत डिजिटल एकद्वार प्रणालीमार्फत निश्चित समयसीमाभित्र प्रदान गर्ने व्यवस्था कायम गरिनुपर्ने । हालको बहु-निकाय प्रक्रिया र ढिलाइले लगानीकर्तामा अनिश्चितता र अतिरिक्त लागत सिर्जना गरेको छ। स्वीकृति प्रक्रिया पूर्वानुमानयोग्य र समयबद्ध भयो भने निजी क्षेत्रलाई लगानीको निर्णय गर्न सहज हुन्छ । यसले नयाँ उद्योग दर्ता वृद्धि र उत्पादन क्षमता विस्तारलाई गति दिनेछ। अन्ततः यसबाट रोजगारी सिर्जना र औद्योगिक वृद्धि दुवैमा उल्लेखनीय सुधार आउनेछ। यस प्रणालीलाई संघ, प्रदेश र स्थानीय तहका अनुमतिहरूसँग आबद्ध गरी time-bound approval, digital tracking र deemed approval सहित लागू गरिएमा यसको प्रभाव अझ उच्च हुनेछ।
- औद्योगिक प्रयोजनका लागि पूर्वाधारसहितका व्यवस्थित औद्योगिक क्षेत्र (plug-and-play model) विकास गर्ने नीति अघि बढाउनुपर्छ। हाल उद्योगहरूले जमिन, अनुमति र आधारभूत पूर्वाधार व्यवस्थापनमा धेरै समय र लागत खर्चनु परिरहेकोछ । पूर्व निर्मित औद्योगिक क्षेत्रहरू उपलब्ध भएमा परियोजना कार्यान्वयनको समय घट्नेछ। यसबाट लगानी जोखिम कम गर्दै उद्योग स्थापना प्रक्रियालाई सहज बन्नेछ, उद्योगको प्रतिस्पर्धात्मक क्षमता र निर्यात क्षमतामा वृद्धि हुनेछ।

## कर तथा वित्त (Tax & Finance)

- कर प्रणालीलाई सरल, स्थिर र पूर्वानुमानयोग्य बनाउन सुधार आवश्यक छ। बारम्बार नीति परिवर्तन र जटिल अनुपालन प्रक्रियाले व्यवसायिक निर्णयमा अनिश्चितता ल्याएको छ। यदि करका दर र कर निर्धारण गर्ने प्रक्रियामा स्पष्टता र स्थायित्व ल्याइयो भने कर अनुपालन बढ्नेछ। यसले अनौपचारिक क्षेत्रलाई औपचारिक दायरामा ल्याउन प्रोत्साहन गर्नेछ। अन्ततः राजस्व संकलन दिगो रूपमा विस्तार हुनेछ। यसका लागि कर प्रशासनलाई विद्युतीय माध्यममा आधारित, risk-based, non-retrospective र compliance-friendly बनाउँदै कर नीतिमा कम्तिमा मध्यम अवधिको स्थायित्व सुनिश्चित गरिनुपर्छ।
- साना तथा मझौला उद्योगहरूको लागि वित्तीय पहुँच सहज बनाउने नीति लिईनु पर्दछ । हाल ऋण प्रणालीमा जग्गा वा सम्पत्ति धितो (collateral) मा निर्भरता उच्च भएकाले धेरै व्यवसायहरू बाहिर रहेका छन्। यदि परियोजना धितो जस्ता वैकल्पिक वित्तीय साधनहरू र सहुलियत कार्यक्रमहरू विस्तार गरियो भने यस्ता व्यवसाय र व्यवसायीहरूसम्म पूँजीको पहुँच बढ्नेछ। यसले व्यवसाय विस्तार र नवप्रवर्तनलाई प्रोत्साहन गर्नेछ। अन्ततः रोजगारी सिर्जना र आर्थिक गतिविधिमा वृद्धि हुनेछ।

## अन्तराष्ट्रिय व्यापार तथा निर्यात (International Trade & Export)

- निर्यात प्रवर्द्धनका लागि गुणस्तर प्रमाणीकरण, लजिस्टिक्स र बजार पहुँच सुधार गर्ने एकीकृत नीति आवश्यक छ। धेरै उत्पादनहरू अन्तर्राष्ट्रिय बजारमा प्रवेश गर्न कठिनाइ भोगि रहेकाछन्। यदि certification र logistics प्रणाली सुधार गरियो भने निर्यात विस्तार हुनेछ। यसले उत्पादन विविधीकरणलाई प्रोत्साहन गर्नेछ। अन्ततः व्यापार घाटा न्यूनीकरणमा सहयोग पुग्नेछ। यसका लागि विश्वस्तरीय testing labs, accreditation, standards certification, mutual recognition, warehousing, cold chain लगायतका trade logistics सुधारलाई निर्यात प्रवर्द्धन भित्रै राखेर अघि बढाउन आवश्यक छ।

## कृषि (Agriculture)

- कृषि उत्पादनलाई बजारसँग प्रभावकारी रूपमा जोड्ने गरी आपूर्ति श्रृंखलाको सुधार गर्न आवश्यक छ। हाल उत्पादन र बजारबीचको दूरीका कारण किसानले उचित मूल्य नपाउने तर उपभोक्ताले महँगो शुल्क खर्चनु परिरहेको छ । यदि भण्डारण, ढुवानी र बजार पहुँचमा सुधार गरियो भने मूल्यमा स्थिरता आउनेछ। यसले आम्दानी वृद्धि र जोखिम न्यूनीकरण गर्नेछ। अन्ततः कृषि क्षेत्रको व्यावसायीकरण हुनेछ। यस सुधारलाई collection centres, grading, storage, cold chain, digital market information, contract-based marketing तथा Blockchain सँग जोडिएमा किसानले वास्तविक लाभ पाउनेछन्।
- सिँचाइ, यान्त्रीकरण र उच्च मूल्यका बाली प्रवर्द्धनलाई एकीकृत रूपमा अघि बढाउनुपर्छ। परम्परागत उत्पादन प्रणालीले उत्पादकत्व सीमित बनाएको छ। यदि

आधुनिक प्रविधि र targeted crops मा लगानी गरियो भने उत्पादकत्व र उत्पादन बढ्नेछ। यसले लागत घटाउँदै आम्दानी वृद्धि गर्नेछ। अन्ततः ग्रामीण रोजगारी र निर्यातमा सुधार आउनेछ। यो पहल blanket subsidy भन्दा crop-cluster approach, irrigation reliability, mechanisation services र value-chain based investment मा आधारित हुँदा बढी प्रभावकारी हुनेछ।

- व्यावसायिक सम्भाव्यता रहेका जंगली जडीबुटीहरूलाई समेत खेती गर्ने नीतिसहित यस्ता जडीबुटी खेतीहरूलाई प्रोत्साहन गरिनुपर्दछ ।
- स्थानीय सरकारको सहकार्यमा निश्चित क्षेत्रमा रहेका किसानहरू, सो क्षेत्रमा रहेको खेती योग्य जमिनको आँकडा, खेती भइरहेको बाली वा उपज, सोका लागि आवश्यक मल तथा उन्नत जातको विउ विजन आदिको तथ्याङ्कका बारेमा जानकारी लिन विद्युतीय माध्यममा आधारित केन्द्रिय 'Know Your Farmer' 'किसान पहिचान' प्रणाली बनाइ लागू गरिनुपर्ने । 'किसान पहिचान' प्रणालीमार्फत अमुक समयमा अमुक स्थानमा भएको उत्पादनको तथ्याङ्क आदिको आधारमा स्थानीय निकायसँगको सहकार्य तथा समन्वयमा अमुक वर्ष किसानले खेती गर्ने जमिनको लगत र सो किसानलाई आवश्यक पर्ने मल विउ आदिको अनुपातमा किसानलाई उपलब्ध हुने अनुदान किसानकै खातामा जाने व्यवस्था कायम गरिनुपर्दछ ।

## ऊर्जा (Energy)

- उद्योग र व्यवसायका लागि विश्वसनीय ऊर्जा आपूर्ति सुनिश्चित गर्न पूर्वाधार लगायतका आवश्यक सुधारहरू गरिनुपर्दछ । ऊर्जाको गुणस्तर तथा आपूर्तिको अनिश्चितताले उत्पादन लागत बढाएको छ। उर्जा उत्पादन, प्रसारण र वितरण प्रणाली सुदृढ गरिँदा ऊर्जाको उपलब्धता र गुणस्तरमा समेत सुधार हुनेछ । यसले उद्योग सञ्चालनलाई सहज बनाउनेछ। अन्ततः उत्पादन वृद्धि र प्रतिस्पर्धात्मक क्षमतामा सुधार हुनेछ। गुणस्तरीय ऊर्जा आपूर्तिको विश्वसनीयतासँगै industrial tariff predictability, dedicated feeders र open access/wheeling व्यवस्था सुनिश्चित गरिएमा उद्योगमा यसको प्रभाव तीव्र हुनेछ।
- नवीकरणीय ऊर्जा र विद्युत निर्यातलाई रणनीतिक रूपमा अघि बढाउनुपर्छ। यसले विदेशी मुद्रा आम्दानी बढाउनेछ। अन्ततः ऊर्जा क्षेत्र आर्थिक वृद्धिको प्रमुख चालक बन्न सक्छ। विद्युत निर्यातको रणनीतिलाई घरेलु औद्योगिकीकरण, ऊर्जा-आधारित उद्योग र regional power trade सँग सन्तुलित रूपमा जोड्नु दीर्घकालीन रूपमा बढी लाभदायी हुनेछ।
- विद्युतको आन्तरिक खपत बढाउन घरेलु प्रयोजनका विद्युतीय उपकरण निर्माणमा कर सहुलियत दिइनुपर्ने। साथै उद्योग तथा होटेललगायत क्षेत्रमा डिजेल, LPG ग्यासलगायत जीवाष्म इन्धनबाट सञ्चालन हुने उपकरणहरूलाई हरित तथा नवीकरणीय ऊर्जा प्रविधिबाट प्रतिस्थापनका प्रोत्साहित गर्न सहुलियत दिइनुपर्ने ।

## श्रम तथा रोजगारी (Labor & Employment)

- श्रम बजारलाई लचिलो र दक्ष बनाउने नीति आवश्यक छ। उपलब्ध जनशक्ति र रोजगारीका अवसरबीच मिसम्याच रहेको छ । श्रम सूचना प्रणाली र matching मा सुधार भयो भने श्रमिकको दक्षतासमेत बढ्नेछ। यसले उद्योगको उत्पादकत्वमासमेत सुधार गर्नेछ। अन्ततः रोजगारीका अवसर र आयस्तर दुवै बढ्ने छन्। यसका लागि integrated labour market information system, skills matching लाई एकीकृत रूपमा अघि बढाउन आवश्यक छ।
- सीप विकासलाई उद्योगको श्रम मागसँग जोड्ने प्रणाली विस्तार गर्नुपर्छ। हालका तालिमहरू बजारको आवश्यकतासँग पूर्ण रूपमा मेल खाँदैनन्। यदि apprenticeship र practical training बढाइयो भने दक्ष जनशक्ति तयार हुनेछ। यसले रोजगारीको गुणस्तर सुधार गर्नेछ। सीप विकास कार्यक्रमहरू employer-led apprenticeship, workplace-based training र sector-specific competency standards मा आधारित भएमा रोजगारीको गुणस्तरमा उल्लेखनीय रूपमा सुधार हुनेछ।

## सुशासन (Governance)

- सरकारी सेवा प्रवाहलाई डिजिटल र पारदर्शी बनाउन आवश्यक छ। हालका सरकारी कामकाजको प्रक्रियाहरू ढिलो र जटिल छन्। Automation र tracking प्रणाली लागू गरियो भने सेवा उपलब्ध हुने समय घट्नेछ। यसले नागरिक र व्यवसाय दुवैलाई सहज हुनेछ । अन्ततः समग्र शासन प्रणालीमा विश्वास र दक्षता बढ्नेछ।
- नीति कार्यान्वयनको प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्नुपर्छ। धेरै नीतिहरू कार्यान्वयनमा कमजोर देखिएका छन्। यदि performance tracking र accountability बढाइयो भने नतिजामा सुधार हुनेछ। यसले सरकारी कार्यक्रमहरूको प्रभावकारिता बढाउनेछ। अन्ततः नतिजामुखी शासन सुनिश्चित हुनेछ।

**स्वास्थ्य बीमा सम्बन्धी विषयः**

- संविधानमै स्वास्थ्यसम्बन्धी हकलाई मौलिक हकमा राखि 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ' भनिएको छ । यसै विषय तथा Universal Health Coverage Concept अन्तर्गत नेपाल सरकारले स्वास्थ्य बीमा कार्यक्रम लागू गरेको छ । तर हाल यो कार्यक्रमले गम्भीर आर्थिक समस्या भोगिरहेको छ । देशभर सूचीबद्ध स्वास्थ्य संस्थालाई करिब १० अर्बभन्दा बढी रकम भुक्तानी गर्न बाँकी रहेको तथ्याङ्क छ । बीमामा आबद्ध करिब ६९ लाख ७० हजार सक्रिय नागरिकबाट संकलन हुने प्रिमियम वार्षिक करिब ४ अर्ब रुपैयाँ मात्रै छ। सरकारले दिने वार्षिक अनुदान १० अर्ब रुपैयाँ छ। अर्थात्, यस बीमा अन्तरगतको कोषमा कुल १४ अर्ब रुपैयाँ छ। तर, दैनिक ५० हजारभन्दा बढी नागरिकले सेवा लिँदा बीमाको दैनिक खर्च ८ करोड नाघ्छ, जसको वार्षिक दायित्व २४ अर्बभन्दा माथि पुग्छ। १४ अर्ब आम्दानी र २४ अर्ब खर्च- यो १० अर्बको वार्षिक घाटा रहेको छ ।
- नेपाल सरकारले स्वस्थ्य बीमा बोर्ड अन्तरगत संचालनमा ल्याएको 'स्वास्थ्य बीमा' कार्यक्रमलाई सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूलाई समेत अनिवार्यरुपमा आवद्ध गरी उद्योगहरूले गर्नुपर्ने CSR को खर्च रकम समेत यस कार्यक्रमको कोषमा जम्मागरी कोषको आकार बढाईनुपर्ने ।

## About CNI

The Confederation of Nepalese Industries (CNI) was established by the captains of Nepal's industrial and corporate sector on April 17, 2002. Its core mandate is to help enhance the business environment for the private sector.

It has a membership base consisting of nearly all of the big corporate houses of Nepal, Nepali blue-chip companies, joint venture companies, etc. spread across a wide and diversified spectrum of industries.

## About CRC

CNI Research Cell was established due to a dearth of evidence-based research on Nepali industries, especially based on primary data. CNI aspires to be a trusted development partner of the Government of Nepal. The data and research generated by CRC is transparent, unbiased and will be kept confidential. The team comprises Director Mr. Ravi Kumar Prajapati, Senior Executive Mr. Chetman Syangtan, Senior Executive Mr. Prasanna Pokhrel and Mr. Aasish Syangtan, Research Executive.

CONFEDERATION OF NEPALESE INDUSTRIES